**वार्षिक परीक्षा २०७७ सम्बन्धि सूचना :**

**कक्षा नर्सरी, एल. केजी. र यु. केजी.**

Riviera International Academy
www.riviera.edu.np

**आदरणीय अभिभावकज्यू,**
यही मिति २०७८ साल बैशाख १४ गते मंगलबार देखि १७ गते शुक्रबार सम्म यहाँका नानीबाबुहरूको शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा **(Annual Examination)** सञ्चालन गर्ने लागेको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छौँ । यहाँका नानीबाबुहरूको परीक्षाको तयारीमा ध्यान पुर्याइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

**कोभिडको संक्रमण बड्दो क्रममा रहेको बर्तमान अवस्थामा भौतिक रुपमा विद्यालयमा परीक्षा लिन जोखिम हुने भएकाले यहाँहरूको घरमै परीक्षा लिने ब्यबस्था गर्न लागेको कुरा जानकारी गराउन चाहन्छौँ ।** अभिभावकज्यूहरुले प्रत्येक दिन बिहान ९ : १५ बजे देखि ९ : ४५ बजे भित्रमा बिद्यालयमा उपस्थित भई प्रश्नपत्र लिनुहुन एवम घरमा परीक्षा सम्पन्न गरी दिउसो १२:३० बजे देखि १:०० बजे भित्रमा विद्यालयमा बुझाइ दिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

यहाँका नानीबाबुहरू परीक्षामा सहभागि हुन परीक्षा प्रबेश पत्र **(Admit Card)** अनिवार्य भएकाले २०७८ साल बैशाख महिना सम्मको सम्पूर्ण शुल्क चुक्ता गरी यही बैशाख १२ गते आइतबार देखि १३ गते सोमबार सम्ममा परीक्षा प्रबेश पत्र **(Admit Card)** लिइ दिनुहुन एवम प्रश्नपत्र लिन आउँदा परीक्षा प्रवेश पत्र लिएर आइदिनुहुन पनि हार्दिक अनुरोध गर्दछौँ।

बैशाख १३ गते सोमबार परीक्षा तयारी बिदा ( **Preparation Leave**) दिइएको कुरा पनि अवगत गराउन चाहन्छौँ।

***पूनश्च : यदी अभिभावकज्यूहरू आफ्ना नानीबाबुलाई विद्यालयमै परीक्षा दिन लगाउन इच्छुक हुनुहुन्छ भने विद्यालयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौँ । त्यस्ता नानीबाबुहरूको लागि स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाइ अभिभावकज्यूहरूको उपस्थितिमा भौतिक रुपमा विद्यालयमै परीक्षा लिने ब्यबस्था गरिने कुरा पनि जानकारी गराउन चाहन्छौँ। धन्यवाद।***

**विद्यालय प्रशासन** — **मिति २०७८ साल बैशाख १० गते शुक्रबार**

**रिभेरा इन्टरनेसनल एकेडेमी**